आज मिति २०७८।०६।१९ गतेका दिन राप्ती सोनारी गाउपालिका अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसी निम्न प्रस्ताव उपर छलफल गरी देहाय वमोजिम निर्णय गरीयो ।

उपस्थिति

| १ | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २ | श्री लाहुराम थारु | अध्यक्ष | |
| ३ | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ४ | श्री चन्द्रवहादुर वली | १ नं वडाध्यक्ष | |
| ५ | श्री मदनकुमार वली | २ नं वडाध्यक्ष | |
| ६ | श्री गंगाराम थारु | ३ नं वडाध्यक्ष | |
| ७ | श्री कान्छा थारु | ४ नं वडाध्यक्ष | |
| ८ | श्री झगरु थारु | ५ नं वडाध्यक्ष | |
| ९ | श्री जनकवहादुर थारु | ६ नं वडाध्यक्ष | |
| १० | श्री रालखन थारु | ७ नं वडाध्यक्ष | |
| ११ | श्री खुमवहादुर वस्नेत | ८ नं वडाध्यक्ष | |
| १२ | श्री महावीर वली | ९ नं वडाध्यक्ष | |
| १३ | श्री नैनाकुमारी खत्री | कार्यपालिका सदस्य | |
| १४ | श्री मीनाकुमारी विष्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री लीला नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १७ | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १८ | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री लोकवहादुर शाही | सचिव | |

आमन्त्रित

| सि नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

प्रस्तावहरु

१ दुर्गा पुजाका लागि आर्थिक सहयोग ।

२ राहात रकम वितरण ।

३ संगठन व्यवस्थापन सर्वेक्षण ।

४ कार्यविधि पारित ।

५ आर्थिक सहयोग ।

६ वडा छनौट ।

७ भलिवल प्रतियोगिताका लागि आर्थिक सहयोग ।

८ सेवा करार ।

९ पुस्तक खरिद ।

१० भुक्तानी सम्वन्धमा ।

११ थप सुविधा सम्वन्धमा ।

१२ पत्र पत्रिकाको भुक्तानी सम्वन्धमा ।

निर्णय नं १

बडा दशै २०७८ को पावन अवसरमा कार्यपालिका सम्पुर्ण पदाधिकारीहरुको समुपस्थितिमा शुभकामना आदान प्रदान गर्ने र यस पालिकास्थित सुरक्षा निकायहरु शशस्त्र प्रहरी वल र ईलाका प्रहरी चौकिलाई १०।१० हजार र प्रहरी चौकीलाई ८ हजारका दरले मौला पुजा गर्नका लागि आर्थिक सहयोग प्रदान गर्ने । यसै गरी उक्त सुरक्षा निकायहरुलाई प्रहरी चौकिलाई २० लिटर र अन्यलाई २५ लि ईन्धन समेत उपलव्ध गराउने ।

निर्णय नं २

२०७८ असाढ देखि २०७८ भाद्र महिना सम्म विभिन्न मितिमा आएको वाढीवाट क्षेति पुगेका घरपरिवारलाई पुर्ण क्षेति भएकोमा २० हजार र आंशिक क्षेति पुर्याएकोमा १० हजार राहात स्वरुप उपलव्ध गराउने ।

निर्णय नं ३

यस पालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाई जनशक्ति परिचालनलाई प्रभावी वनाउन यस कार्यालयको संगठन व्यवस्थापन सर्वेक्षण गर्ने ।

निर्णय नं ४

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले मस्यौदा तयार गरी पेश हुन आएका तपसिलका कार्यविधि उपर छलफल गरी संशोधन सहित पारित गर्नै ।

१ राप्ती सोनारी गाउपालिका वाल कोष (स्थापना र संचालन ) कार्यविधि २०७८

२ राप्ती सोनारी गाउपालिका एकल महिला कोष संचालन कार्यविधि २०७८

३ बालकोष (स्थापना र संचालन ) कार्यविधि २०७८

निर्णय नं ५

२०७८ को वडा दशैको अवसरमा यस पालिका गाभर स्थित दुर्गामाता मन्दिरमा पुजाआजाका लागि रु १५००० र अन्य वाँकि सवै दुर्गा मन्दिरमा पुजाआजा गर्न रु ५०००।० का दरले आर्थिक सहयोग प्रदान गर्ने ।

निर्णय नं ६

यस आ व मा उद्मशिलता कार्यक्रमको विस्तार गर्नु पर्ने भएकाले यस आ व मा २ वडा छान्नु पर्ने भएकाले वडा नं ८ र वडा नं ४ लाई छनौट गर्ने र उद्मशिलता विकास समितिलाई पुनर्गठन गर्ने ।

निर्णय नं ७

जिल्ला भलिवल संघको आयोजनामा यहि मिति २०७८।७।१२ देखि ऐजन १४ गते सम्म नेपालगंज संचालन हुने महिला भलिवल प्रतियोगिता संचालनका लागि आर्थिक सहयोग माग भै आएको सन्दर्भमा उक्त संघलाई रु ५००००।० आर्थिक सहयोग उपलव्ध गराउने र यस पालिकावाट उक्त प्रतियोगितामा सहभागि हुने टिमलाई पोसाक र खाना खर्च वापतको रकम उपलव्ध गराउने ।

निर्णय नं ८

यस पालिकाको शिक्षा शाखाको कार्यवोझ वढेका कारण कार्यसम्पादनमा असर पुग्न गएकाले विद्यालय अनुगमन, विवरण संकलन तथ्याकं संकलन लगायतका काम गर्नका लागि मा वि तृतीय स्तर सरह सेवा सुविधा उपलव्ध गराउने गरी १ जना योग्यता र अनुभव पुगेको वयक्तिलाई सेवा करारमा लिने ।

निर्णय नं ९

हर्कवहादुर शाही स्मृति फाउण्डेशनद्धारा प्रकाशित स्मृति ग्रन्थ नामक पुस्तक सस्थागतरुपमा ५० थान पुस्तक खरिदका लागि उक्त फाउण्डेशनवाट अनुरोध पत्र प्राप्त भएकाले २५ थान पुस्तक खरिद गर्ने ।

निर्णय नं १०

यस पालिका वडा नं २ साइफन खोलामा तटवन्धन निर्माण कार्यमा लागत अनुमान प्राविधिक नापजाच बमोजिम खर्च हुन गएको रकम रु ४००००००।० भुक्तानी दिने । यसै गरी वडा नं ४ स्थित रामजानी मन्दीर निर्माणका लागि रु २०००००।० उपलव्ध गराउने ।

निर्णय नं ११

यस पालिका वडा नं ४ स्थित राप्तीसोनारी अस्पतालमा कार्यरत डा राम साहलाई खाइपाई आएको तलव भत्तामा मासिक रु ५०००।० थप गर्ने ।

निर्णय नं १२

यस कार्यालयवाट उत्पादित सुचना  तथा सन्देशमुलक खवर प्रकाशन र प्रसारणका सन्दर्भमा जिल्लास्थित एव जिल्लान्तर संचार माध्यमवाट अस्वभाविक रुपमा रकम भुक्तानीका लागि विल पेश हुन आउने प्रवृतिले समस्या सृजना भएकाले कार्यसलयसंग सम्झौता भएमा र सुचना प्रसारण तथा प्रकाशनका लागि लिखितरुपमा सुचना उपलव्ध गराई सम्झौता भएमा सोही वमोजिम र संचार माध्यमले कार्यलयसंग समन्वय नगरी सम्झौता विना सन्देशमुलक सुचना प्रकाशन तथा प्रसारण गरी भुक्तानीका लागि मागदावी हुन आएमा एक पटकका लागि मात्र रु ५०००।० उपलव्ध गराउने ।